# मिनिल्याप

**मिनिल्याप महिलालाई गरिने परिवार नियोजनको एक भरपर्दो स्थायी उपाय हो । मिनिल्याप बच्चाको चाहना नभएकी महिलालाई गरिने स्थायी, सुरक्षित र प्रभावकारी उपाय हो ।**

## मिनिल्याप कसरी गरिन्छ ?

तालिम प्राप्त डाक्टरले महिलालाई बेहोस नगरिकन पेटको तल्लो भागमा नदुख्ने गरी सुई लगाई दिन्छन् । सुई लगाएर नदुख्ने पारेपछि तल्लो पेटमा शल्यक्रिया (अपरेसन) द्वारा वा सानो घाउ पारेर डिम्ब बाहिनी नलीलाई काटेर दुवै तीर मुख बाँधिदिन्छन् र घाउ पारेको ठाउँमा



सिलाएर पट्टी लगाई दिन्छन । २ देखि ४ घण्टाको आराम पछि महिलालाई घर पठाईन्छ । यस शल्यक्रिया (अपरेसन) पछि महिलाको डिम्बाशयबाट निस्कने डिम्ब पाठेघरमा पुग्न पाउँदैन जसबाट महिलाले गर्भधारण गर्न सक्दिनन् ।

## मिनिल्याप कहिले गर्न सकिन्छ ?

- सुत्केरी भएको ४५ दिनपछि र महिनावारी भएको ७ दिनभित्र गर्न सकिन्छ ।
- तर अरु परिवार नियोजनका अस्थायी साधन प्रयोग गरिरहेको भए जति बेला गरे पनि हुन्छ ।
- गर्भखेर गएको भए त्यसको लगत्तै पछि पनि गर्न सकिन्छ ।
- मिनिल्याप गर्न चिसो वा जाडो मौसम नै कुर्नु पर्दैन, जुनसुकै महिनामा पनि गर्न सकिन्छ ।

## मिनिल्याप गरेपछि ध्यान दिनुपर्ने कुराहरु

- यो अप्रेशन गरेको ३-४ घण्टा सम्म आराम गरेपछि हिँडडुल गर्न सकिन्छ । तर १ हप्तासम्म घाउको टाँकामा बल पर्ने काम गर्न र गह्रौं चिज वा भारी उचाल्नु हुँदैन ।
- घाउमा पानी पार्नु हुँदैन ।
- ७ दिनपछि घाउ राम्रोसँग निको भएमा स्वास्थ्य संस्थामा गई पट्टी खोल्नु पर्छ । स्वास्थ्य संस्था जान सक्ने अवस्था नभए आफैंले पट्टी खोले पनि हुन्छ ।

## कस्तो अवस्थामा स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्दछ ?

- मिनिल्याप गरेपछि ज्वरो आएमा ।
- रिंगटा लागिरहेमा वा बेहोस हुने भएमा ।
- पेट दुखिरहेमा वा झन दुखाई बढेमा ।
- घाउको टाँकाबाट रगत बगिरहेमा वा पिप, पानी बगेमा ।

## मिनिल्यापका ग्राहकहरुलाई सुझाव

- यो अपरेसनले पाठेघर र डिम्बाशयलाई कुनै किसिमको असर नपर्ने भएकोले महिनावारी पहिला जस्तै हुन्छ ।
- मिनिल्याप गर्दा मासु लाटो पार्ने सुई

दिई नदुखाई अप्रेसन गरिन्छ ।

- अप्रेसन गरे पनि महिलाले पहिला जस्तै काम गर्न सक्छन् ।

## मिनिल्याप कहाँ गरिन्छ ?

- जिल्ला स्वास्थ्य कार्यालय
- अस्पताल
- प्राथमिक स्वास्थ्य केन्द्र
- स्वेच्छिक बन्ध्याकरण घुम्ति शिविर
- संस्थागत परिवार नियोजन सेवा क्लिनिक

## कस्ता महिलाहरुले चिकित्सकको जाँच गराएर मात्र मिनिल्याप गर्नु पर्छ ?

- डिम्बबाहिनी नली, पाठेघरको मुख या योनीमा संक्रमण भएकी महिलाले ।
- शरीर भरी वा कुनै भागमा संक्रमण भएको, मुटुको रोग भएकी महिलाले ।
- नाडीको गति अनियमित भएकी महिलाले ।
- श्वासप्रश्वाससम्बन्धी समस्या भएकी, उच्च रक्तचाप भएको र मधुमेह रोग भएकी महिलाले ।

## कस्तो अवस्थाका महिलाले मिनिल्याप गराउनु हुन्छ ?

- गर्भवती नभएकी र मिनिल्याप गराउन चाहने महिला । यसमा श्रीमान्को वा अभिभावकको स्वीकृती लिन जरुरी छैन ।
- सन्तानको रहर पुगिसकेको महिला ।
- मिनिल्याप गराउन चाहने र महिनावारी भएको ७ दिन भएकी महिला ।
- गर्भवती भएको तुरुन्तै वा सुत्केरी भएको ४५ दिनपछिका महिला ।

## मिनिल्याप गराउन नहुने अवस्थाहरु

- गर्भवती भएकी महिला
- पछि बच्चा चाहिँदैन भनी निधो नगर्ने महिला

**सरकारी स्वास्थ्य संस्थाहरूमा मिनिल्याप अपरेसन सेवा निःशुल्क रुपमा गराउन सकिन्छ ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
फोन : ४-२५४६१३, ४-२५४२७१, फ्याक्स : ४-२६१३८७
E-mail : hellis@wlink.com.np
Website : www.nheicc.gov.np
२०६७/०६८

# मिनिल्याप



**सन्तानको रहर पुगिसकेका महिलालाई गरिने स्थायी परिवार नियोजनको उपाय मिनिल्याप हो ।**